बैठक नं. १६

आ.व. २०८२/०८३

आज मिति २०८३/२/२३ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

सोह्रौं कार्यपालिका वैठक

आ.व.२०८२/०८३

मिति:२०८३/२/२३

समय: विहान १०.०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. निजी जग्गाको माटो उत्खनन् सम्बन्धमा।
३. आर्थिक विकास समितिको प्रतिवेदन सम्बधमा।
४. सामजिक विकास समितिको प्रतिवेदन सम्बन्धमा।
५. मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालय व्यवस्थापन कार्यविधि,२०८२ को पहिलो संशोधन, २०८३ सम्बन्धमा।

निर्णयहरु:

१. अघिल्लो कार्यपालिका वैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।
२. मध्यविन्दु ५ बाघखोर पतवारी टोल नारायणी ९ ख कित्ता नं. ५६३ को जग्गाबाट अवैध रुपमा २७२४.८ घनमिटर माटो उत्खनन् गरेको, माटो उत्खनन् गर्दा विद्युत पोल तथा खानेपानी पाइपलाईन समेत जोखिममा पारेको स्थलगत निरीक्षण एवम् प्राविधिक प्रतिवेदनबाट देखिन आएकोले उक्त माटो उत्खनन् कार्यमा संलग्न व्यक्ति/ फर्म र जग्गाधनीबाट अवैध उत्खनन् भएको परिमाणमा आर्थिक ऐन, २०८२ बमोजिमको प्रचलित दरको राजश्व र सोमा १० प्रतिशत जरिवाना समेत थप गरी राजश्व लिने। साथै जोखिममा रहेका विद्युत पोल र खानेपानी पाईपलाईन लाई व्यवस्थापन गर्न समेत सम्बन्धित व्यक्ति/ फर्म र जग्गाधनीलाई लगाउने।
३. आर्थिक विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८२/ ८३ को प्रतिवेदन उपर छलफल गरियो।
४. सामाजिक विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८२/ ८३ को प्रतिवेदन उपर छलफल गरियो।
५. मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालय व्यवस्थापन कार्यविधि,२०८२ मा देहायको पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने।

# मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालय व्यवस्थापन कार्यविधि-२०८२ को पहिलो संशोधन, २०८३

| सि.नं. | दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| १ | ५ | १ | (१) नगरस्तरीय पुस्तकालयको नियमित सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि देहायबमोजिमको एक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।<br>(क) शिक्षाविद्, शिक्षाप्रेमी एवम् पुस्तकालय विज्ञान वा सूचना प्रविधि क्षेत्रमा विशेष योगदान पुर्‍याएका व्यक्तिहरूमध्येबाट नगर प्रमुखबाट मनोनित व्यक्ति – अध्यक्ष<br>(ख) शिक्षाप्रेमी एवम् समाजसेवीहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिबाट मनोनित ६ जना - सदस्य<br>(ग) शिक्षा युवा तथा खेलकुद महाशाखाले तोकेको कर्मचारी -सदस्य<br>(घ) पुस्तकालय सहायकः सदस्य सचिव | (१) नगरस्तरीय पुस्तकालयको नियमित सञ्चालन, रेखदेख तथा व्यवस्थापनका लागि देहायबमोजिमको एक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः<br>(क) साधारण र आजीवन सदस्यहरूमध्येबाट साधारण सभाद्वारा चयन गरिएको व्यक्ति – अध्यक्ष<br>(ख) साधारण र आजीवन सदस्यहरूमध्येबाट साधारण सभाद्वारा चयन गरिएका एक जना उपाध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष<br>(ग) साधारण र आजीवन सदस्यहरूमध्येबाट साधारण सभाद्वारा चयन भएका कम्तीमा एक जना महिलासहित तीन जना – सदस्य<br>(घ) पुस्तकालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य<br>(ङ) नगर कार्यपालिकाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना – सदस्य<br>(च) शिक्षा युवा तथा खेलकुद महाशाखाको प्रतिनिधि कर्मचारी एक जना -सदस्य<br>(छ) पुस्तकालय सहायक – सदस्य-सचिव | सञ्चालन तथा व्यवस्थापन समितिको गठन प्रक्रियालाई थप प्रजातान्त्रिक बनाउन |

| सि.नं. | दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| १ | ५ | २ | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले नियमानुसार नगरपालिकामा दर्ता भएको सामुदायिक पुस्तकालयसँग सम्बन्धित काम गर्ने संस्था वा सामुदायिक सिकाइ केन्द्रलाई पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समितिको रूपमा काम गर्ने गरी सर्त र बन्देज तोकी निश्चित अवधिका लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ । यसरी तोकिएको समितिमा उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका कर्मचारी स्वत सदस्यको रूपमा रहनेछन् । | देहायको उपदफा (२) राखिएको छ ।<br>(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा पदाधिकारीमा कम्तीमा एक जना महिलाको प्रतिनिधित्व अनिवार्य हुनेछ। साथै, सम्पूर्ण समितिको गठन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ।<br>(२क.) समितिको बैठकमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूलाई आवश्यकताअनुसार आमन्त्रण गर्न सकिनेछ ।<br>(२ख.) समितिले पुस्तकालय तथा शिक्षा क्षेत्रमा अनुभवी व्यक्तित्वहरू सम्मिलित बढीमा ५ सदस्यीय सल्लाहकार समिति गठन गर्न सक्नेछ । | उपदफा (१) परिवर्तन भएकाले सोही अनुसार मिल्ने गरी परिवर्तन गर्नुपर्ने भएकाले |